# धुर्कोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं.:२०८१/०८२
च.न.:

लुम्बिनी प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशन मिति २०८१/०८/१८**

धुर्कोट गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक,कृषक समुह/ कृषि सहकारी, व्यवसायिक कृषि फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८१/०९/०३ गते भित्र सम्बन्धित वडा कार्यालयमा वा गाउँ कार्यापालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| क्र.सं | कार्यक्रमको नाम | अनुदान को सिमा | वितरण गरिने सामाग्रीहरु | संचालन मापदण्ड |
|---|---|---|---|---|
| १ | पुराना सुन्तलाजात फलफूल बगैँचा व्यवस्थापन तथा बगैँचा शुद्धिणीकरण कार्यक्रम | ५०% अनुदान | निलोतुथो,चुना वा (ब्रोडो मिक्सचर),सिकेचर,आरी | व्यवसायीक कृषि फर्म ,कृषक समुह /कृषि सहकारी वा कम्तीमा ४० बोट फल दिने सुन्तलाजात फलफूल बगैँचा भएका कृषकलाई प्राविधिक फिल्ड अनुगमन पश्चात मात्र कार्यक्रममा सहभागी गराईने छ । |
| २ | साना सिंचाई कार्यक्रम | ५०% अनुदानमा बढीमा ५० हजार मात्र रहनेछ। | सिंचाई संग सम्बन्धित सबै सामाग्री तथा निर्माण संग सम्बन्धित योजनाहरु | व्यवसायीक कृषि फर्म ,कृषक समुह /कृषि सहकारी र सिंचाई संग सम्बन्धीत समिति हरुलाई प्राविधिक फिल्ड अनुगमन पश्चयात आवश्क्ताको आधारमा कार्यक्रममा सहभागी गराईने छ । |

**आवस्यक कागजातहरु:**

१.प्रस्तावकको निवेदन
२.नागरिकताको प्रतिलिपी - थान १
३. जग्गा धनी दर्ता प्रमाण-पूर्जा वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रतिलिपि
५.उपलब्ध भएसम्म सुन्तला बगैँचा र साना सिंचाईका लागी गरिने क्षेत्रको रङ्गीन फोटो - थान १
६. फर्म/समुह/सहकारीको नविकरण गरेको दर्ता प्रमाणपत्रको प्रतिलिपि
७.समुह/सहकारी र समितिको हकमा कार्यक्रम माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. वडा कार्यालय र वडा कृषि प्राविधिकको सिफारीस

............
ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत